प्रदेश सरकार

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

## दरखास्त आव्हान गरिएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०७९/०६/३० गते

नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला, विनयी त्रिवेणी गाउपालिका, वार्ड नम्बर ६ र ७ मा अवस्थित त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्रको विकासका लागि जारी त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति गठन आदेश, २०७८, (संशोधन २०७९ सहित) को दफा ७ को (१) वमोजिम उक्त समितिको दैनिक कार्य व्यवस्थापन तथा सञ्चालन गर्न एक कार्यकारी निर्देशक रहने व्यवस्था भएबमोजिम उक्त कार्यकारी निर्देशकका लागि योग्यता पुगेका ३५ वर्ष उमेर पुरा गरी ६० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरुले तोकिएबमोजिमका स्व:प्रमाणित कागजात सहित मिति २०७९/६/१० मा दरखास्त आव्हान गरिएकोमा कसैको पनि दरखास्त नपरेकोले पुन दोस्रो पटक दरखास्त आव्हान गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (कार्यालय समयमा) स्वयं उपस्थित भई शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरामा दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>तपसिल</u>**

| क्र.स. | विषय | विषय विस्तृतीकरण |
|---|---|---|
| १ | शैक्षिक योग्यता | व्यवस्थापन, मानविकी, शिक्षा, कानून, पर्यटन सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण |
| २ | अनुभव | नेपाल सरकारको वा कुनै संगठित संस्थाको रा.प. द्वितीय वा सोभन्दा माथिल्लो श्रेणीमा कार्यानुभव भएमा सोसँग सम्बन्धित कागजातका प्रमाणित प्रतिलिपी |
| ३ | त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास योजना | विकास योजनामा समेटिनु पर्ने न्यूनतम विषयहरुः पृष्ठभूमि तथा उद्देश्य, नीति तथा रणनीति, संगठन र व्यवस्थापन, त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास योजना, स्रोत साधनको दिगो परिचालन तथा व्यवस्थापन, समन्वय र सहकार्य, कार्यक्रम कार्यान्वयन योजना |
| ४ | नेपाली नागरिकताको प्रमाण पत्र | नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी |
| ५ | अन्य | कुनै पनि राजनैतिक दलको सदस्य नभएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको, भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिएको, कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र नलिएको एवं त्यस्तो अनुमतिपत्र प्राप्तिका लागि निवेदन नदिएको नेपाली नागरिकले मात्र दरखास्त पेश गर्न पाउने । |

पुनश्चः थप जानकारीको लागि ९८४६६४००७८ मा सम्पर्क गर्न सकिनेछ ।